मिति २०८३/४/२९ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

सितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

१. प्रधानाध्यापक व्यवस्थान सम्बन्धमा।

२. योजना कार्यान्वयन सम्बन्धमा।

३. खस आर्यको छुट भएका थर सूचीकरण सम्बन्धमा।

४. अव्यवस्थित बसोवासीहरुको प्रमाणिकरण सम्बन्धमा।

५. राजपत्र प्रकाशन शाखा तोक्ने सम्बन्धमा ।

६. सवै वडाहरुको फिल्ड नक्सा (ब्लु प्रिन्ट) माग गर्ने सम्बन्धमा।

७. जग्गा वर्गिकरण कार्य अगाडी बढाउने सम्बन्धमा।

८. उदघाटन खर्च सम्बन्धमा।

९. आर्थिक सहायता सम्बन्धमा।

१०. वडा नं. ११ को दोबाटा वडा सेवा केन्द्रको घटना सम्बन्धमा।

११. सगरमाथा होटलको निवेदन सम्बन्धमा ।

१२. समवेदना व्यक्त गर्ने सम्बन्धमा।

*निर्णयहरुः-*

निर्णय नं. १

प्रस्ताव नं .१ माथि छलफल गर्दा शिक्षा नियमावली २०५९ (संसोधन सहित) बमोजिम प्रधानध्यापक नियुक्ति प्रकृया अगाडी बढाउने सन्दर्भमा पालिका भित्र रहेका सवै मा.वि. तथा आधारभुत विद्यालयहरुमा स्थायी दरवन्दी पुरा नभएकोले अन्य बिद्यालयहरुबाट व्यवस्थान गर्नु पर्ने अवस्था भएको हुँदा उक्त प्रकृयालाई व्यवस्थित तवरबाट सम्पन्न गर्न कार्यविधि निर्माण गर्ने । कार्यविधिको मस्यौदा निर्माणको लागि तपशिल बमोजिमको मस्यौदा समिति गठन गरी आवश्यक प्रकृया पुर्याइ मिति २०८३/५/४ गते हुने नगर कार्यपालिकाको बैठकमा पेश गर्ने । साथै शिनपा ८ लाहापे मा.वि.मा यस नियमावली तथा निर्माण हुने कार्यविधि बमोजिम प्रधानाध्यापक नियुक्ति नभएसम्म हाल कार्यरत प्रधानाध्यापकलाई नै जिम्मा दिने निर्णय गरियो ।

*कार्यविधि मस्यौदा निर्माण समिति*

सयोजक श्री केशव प्रसाद वेल्वासे वडा अध्यक्ष

सदस्य श्री शंकर अर्याल प्र.अ.ज्योति मा.वि

सदस्य श्री राज कुमार सिंजाली सहायक शिक्षा अधिकृत

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा आ.व.२०८३/०८४ का योजनाहरु कार्यान्वयनका सन्दर्भमा रु १० लाख सम्म रकम विनियोजन भएका योजनाहरु उपभोक्ता समिति मार्फत र सो भन्दा माथि रकम विनियोजन भएका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने । चालु आ.व.मा समपुरक अनुदान, सर्शत

प्रमुख प्रशासकीय अधिकृत

अनुदान, विशेष अनुदान तथा नगरपालिका तर्फको बजेटबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएका योजनाहरुमा विनियोजित रकममा १५ प्रतिशत सम्म श्रोत सुनिश्चितता गरी सुनिश्चितता गरेको रकम समेतको लागत अनुमान तयार गरी विद्युतिय खरिद प्रकृया मार्फत ठेक्का व्यवस्थापन गर्ने । साथै शिनपा १० भित्रका मो.वा./गो.बा.मर्मत सुधार भनि विनियोजन भएको रु १५ लाख सडक मर्मत भएकोले उ.स. मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं .३ माथि छलफल गर्दा भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५७ मिति २०८३/४/२६ को पत्रसाथ प्राप्त राष्ट्रिय समावेशी आयोगको च.नं. २२ मिति २०८३/४/२१ को पत्रमा उल्लेख भएअनुसार खस आर्यको थर सूचिकरण सम्बन्धि छुट भएका थर सूचीकरण सम्बन्धि पत्र साथ प्राप्त ६६७ थरहरुको लिष्टमा समेत छुट भएको थरहरु भए २१ दिन भित्र उपलब्ध गराउन भनि लेखि आएकोले उक्त विवरण सवै वडाको मेलमा पठाउने र वडाहरुबाट अध्ययन गरी उक्त लिष्टमा छुट भएको भए टिपोट गरी अर्को कार्यपालिका बैठकमा छलफल गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं .४ माथि छलफल गर्दा यस नगरपालिकाको अव्यवस्थित बसोवासीहरुको प्रमाणिकरण गरी नापनक्सा प्रकृया अगाडी बढाउन भूमी समस्या समाधान समिति अर्घाखाँचीलाई पठाउने सम्बन्धमा सवै विवरणहरु यकिन गरी अर्को कार्यपालिका बैठकमा पेश गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं .५ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७४ को भाग ३ को दफा ९ बमोजिम स्थानीय राजपत्र सम्बन्धि जिम्मेवारी प्रशासन शाखालाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं .६ माथि छलफल गर्दा यस नगरपालिकाका सवै वडाहरुको फिल्ड नक्सा (ब्लु प्रिन्ट) माग गर्ने । सो वापत लाग्ने राजश्व रकम यस नगरपालिकाको चालु आ.व.को लागि दायित्व सरेको रकमबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं .७ माथि छलफल गर्दा यस नगरपालिकाको जग्गा वर्गिकरण गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

प्रस्ताव नं .८ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र निर्माण भएका विभिन्न योजनाहरुको निर्माण सम्पन्न पश्चात उदघाटन गर्दा भएको तपशिल बमोजिमको खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

(क) वडा नं. ९ को रागाकाटेमा निर्माण भएको स्वास्थ्य इकाइ भवनको उदघाटन खर्च रु ६०००।

(ख) वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको उदघाटन खर्च रु २५०००।

निर्णय नं. ९

प्रस्ताव नं .९ माथि छलफल गर्दा यस नगरपालिकाका तपशिल बमोजिमका नगरवासीहरुलाई विभिन्न रोग लागि उपचार गराउन/दुर्घटनामा परी उपचार गराउन आर्थिक समस्या भएको तथा मृतक परिवारलाई विभिन्न कारणले आर्थिक समस्या भएको हुँदा राहत स्वरुप तपशिल बमोजिमको रकम दिने निर्णय गरियो ।

तपशिल

(क) शिनपा ३ निवासी खिम बहादुर खत्रीको अफ्रिकामा मृत्यु भएकोले मृतकका परिवारलाइ सहयोग स्वरुप रु २५००० दिने ।

(ख) शिनपा ३ निवासी डिल बहादुर खनाल भिरबाट लडी घाइते भएकोले निजको उपचारमा सहयोग स्वरुप रु २५००० दिने ।

(ग) शिनपा १ निवासी डम प्रसाद पौडेलको किटनी फेल भई उपचारको क्रममा रहेकोले निजको उपचार सहयोग स्वरुप रु २५००० दिने।

(घ) शिनपा ९ निवासी मनकला पल्लीको डेलिभरीको क्रममा मृत्यु भएकोले मृतकका परिवारलाई सहयोग स्वरुप रु २५००० दिने ।

(ङ) शिनपा ११ निवासी रुक बहादुर कामीलाई हिदयघात भइ प्रादेशिक अस्पताल बुटवलमा उपचार गराई रहेकोले निजको उपचारमा सहयोग स्वरुप रु २५००० दिने ।

(च) शिनपा ६ निवासी ओमन बहादुर आचार्य ब्रेन ट्युमर भई उपचारको क्रममा रहेकोले निजको उपचारमा सहयोग स्वरुप रु २५००० दिने ।

(छ) शिनपा ९ निवासी मनकला पल्लीको डेलिभरीको क्रममा मृत्यु भएकोले मृतकका परिवारलाई सहयोग स्वरुप रु २५००० दिने ।

(ज) शिनपा ५ निवासी कमला बेल्वासेलाई मुटु सम्बन्धि रोग लागि समस्या भएकोले निजलाई उपचारमा सहयोग स्वरुप रु २५००० दिने।

निर्णय नं. १०

प्रस्ताव नं .१० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ११ को दोबाटा वडा सेवा केन्द्रमा मिति २०८३/४/१३ गते अपरिचित व्यक्तिहरु सेवा केन्द्र भित्र प्रवेश गरी एक्कासी कम्प्युटर, प्रिन्टर तोडफोड गरी १ थान Dell I5 को ल्यापटप लुटी लगेको घटनाको घोर निन्दा गर्दै घटनामा संलग्न व्यक्तिलाई कडा

प्रमुख प्रशासकीय अधिकृत

भन्दा कडा कारवाहीको माग गर्ने । साथै सामान अभावका कारण सेवा प्रवाहमा समस्या आएकोले कम्प्युटर, प्रिन्टर लगायत आवश्यक सामग्रीहरु नगरपालिकाले तत्काल व्यवस्थापन गरी सेवा प्रवाहलाइ सूचारु गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं .११ माथि छलफल गर्दा मिति २०८३/४/२८ मा सगरमाथा होटलले २०७९-०८२ सम्म नगरपालिकालाई यस होटलबाट विभिन्न मितिमा खाजा, नास्ता, खाना दिएबापतको बाँकी रकम भुक्तानीको लागि निवेदन साथ विल भरपाइ पेश गरेकोमा भुक्तानी हुन नसकेकोले भुक्तानीको लागि सहजिकरण गरी दिन भनि दिएको निवेदन उपर बैठकमा छलफल भयो । उक्त विषयमा लेखा समितिले खाना खाजामा भएको खर्च तथा भुक्तानी अध्ययन गरी भुक्तानी बाँकी भएनभएको एकिन गरी भुक्तानी दिनु पर्ने भए रकम उल्लेख गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं .१२ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत सहायक कृषि विकास अधिकृत अनिल शर्माका पिताको हालै भएको असामाइक निधन प्रति गहिरो दुःख व्यक्त गर्दै परिवार जनमा समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमुख प्रशासकीय अधिकृत